# यशोधरा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बैदौली, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

पत्र संख्या :-२०८२/८३
चलानी नम्बर :- १४०४

मिति : २०८२।११।०८

श्री सूचिकृत परामर्शदाताहरु सबै,

**विषय : आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा आर्थिक बर्ष ०८२।०८३ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम अन्तरगत जलवायु परिवर्तन सम्बन्धी लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति तयार गर्न बजेट स्वीकृत भएकोले भइ खरिद समितिबाट कार्य संचलन गर्न निर्णय भएकोले यसै पत्र साथ संलग्न कार्यविवरण(TOR) बमोजिम यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्नु हुन अनुरोध छ ।

..........................................
(निराजन राज लम्साल)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

# जलवायु परिवर्तन सम्बन्धी लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति तथा कार्ययोजना (२०८२-२०९२) तर्जुमाकोलागि

## कार्यक्षेत्रगत शर्त तथा कार्य विवरण (TOR)

### १. पृष्ठभूमि

नेपाल जलवायु परिवर्तनको उच्च जोखिममा रहेका राष्ट्रहरू मध्येमा पर्दछ । जलवायु संवेदनशील भौगोलिक अवस्था एवं अन्तरनिहित गरिबीका कारण संकटासन्नता थप जटिल बनेको छ । नेपालमा वार्षिक वर्षा-चक्रमा हेरफेर, लामो समयसम्म खडेरी पर्ने तथा तीव्र वर्षात् हुने गरेको छ । सन् १९७४-२०१४ सम्ममा नेपालको तापक्रम औसत ०.५६ डिग्री सेल्सियसले बढेको देखिन्छ । अध्ययन अनुसार शताब्दीको अन्त्य सम्ममा वर्षा औसत ११-२३ प्रतिशत र औसत तापक्रम १.७२-३.५८ डिग्री सेल्सियसले वृद्धि हुने अनुमान गरिएको छ । जलवायु परिवर्तनका असरहरू सवत्र अनुभव गरिए तापनि यसबाट पर्ने प्रभावको असर व्यक्ति, परिवार र समुदायको अनुकूलन क्षमता र संकटासन्नताको आधारमा असमान हुने र विद्यमान अवस्थामा सामाजिक, सांस्कृतिक, आर्थिक र राजनैतिक विभेदको सामना गरिरहेको निश्चित समुदाय तुलनात्मक रूपमा बढी प्रभावित हुने गरेको तथ्य विश्वव्यापी रूपमा स्वीकारिएको छ । जलवायु परिवर्तनबाट सृजित चुनौतीहरूको सामना गर्नका लागि आवश्यक स्रोत, साधन एवं क्षमताको अभावका कारण यी समुदाय/वर्गहरू जलवायु परिवर्तनबाट थप संकटासन्न अवस्थामा रहेका छन् ।

जलवायु परिवर्तनको दर, विशेषता, परिमाण र व्यक्ति वा प्रणालीको अनुकूलन क्षमता संकटासन्नताका कारक तत्वहरू हुन् । संकटासन्नताको सर्वमान्य परिभाषा स्थापित भएको पाईंदैन । यो विकास र वातावरणीय परिवर्तनप्रतिको संवेदनशीलतामा आधारित हुन्छ र स्थानीय परिवेश अनुसार फरक हुन्छ । नेपालको संविधानले आर्थिक, सामाजिक र शैक्षिक रूपमा पछाडि परेका समुदायको रूपमा गरीब, महिला, दलित, आदिवासी जनजाति, मधेसी अन्य सीमान्तकृत समुदाय, अपाङ्गता भएका व्यक्तिहरू, ज्येष्ठ नागरिक, भौगोलिक विकटतामा रहेका बासिन्दाहरू, यौनिक अल्पसंख्यक, नागरिकताविहिन व्यक्तिहरूलाई परिभाषित गरेको छ । उक्त सामाजिक समूहलाई रणनीतिले संकटासन्न समूहको रूपमा उल्लेख गर्दै उनीहरूको अनुकूलन क्षमता वृद्धिलाई विशेष प्राथमिकतामा राखेको छ ।

व्यक्ति, परिवार वा समुदायको अनुकूलन क्षमता स्रोत माथिको पहुँच, जीविकोपार्जनको रणनीति तथा निर्णय प्रकृयामा रहने सहभागिताले निर्धारण गरेको हुन्छ । नेपालमा जलवायु परिवर्तनको असर र प्रभाव विशेष गरी महिला, दलित, आदिवासी जनजाति, अल्पसंख्यक र सीमान्तकृत समुदाय तथा भौगोलिक विकटताका क्षेत्रमा बढी परेको छ । महिला तथा सीमान्तकृत समुदायहरूको जीविकोपार्जन तुलनात्मक रूपमा प्राकृतिक स्रोतमा बढी निर्भर रहेको र यी स्रोतहरू जलवायु परिवर्तनका असरप्रति अति संवेदनशील रहेका कारण स्रोतहरूको उपलब्धता र गुणस्तरमा आएको कमिक ह्रास एवं क्षतिका कारणले ती समुदायको जीविकोपार्जनमा प्रत्यक्ष असर पारेको छ । साथै जीविकोपार्जनका वैकल्पिक अवसरहरूको अभावका कारण

प्रमुख प्रशा... अधिकृत

उनीहरू परिवर्तित प्रतिकूल परिस्थितिको सामना गर्न असमर्थ हुने गरेका छन् माथि उल्लेखित सन्दर्भमा यसोधरा गाउँपालिकाकोलागी जलवायु परिवर्तन सम्बन्धी लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति तथा कार्ययोजना (२०८२-२०९२) तर्जुमा गर्नको लागि परामर्शदाताबाट प्रस्ताव माग गरिएको छ ।

**२. उद्देश्यहरु**

यस रणनीति तथा कार्ययोजनाका निम्न उद्देश्यहरु छन् :

१) संघीय, प्रादेशिक तथा स्थानीय तहका जलवायु परिवर्तन सम्बन्धी नीति, योजना, बजेट, कार्यक्रम तथा प्रक्रियाहरूमा लैङ्गिक समानता, महिला सशक्तीकरण र सामाजिक समावेशितालाई मूलप्रवाहीकरण गर्ने ।

२) जलवायु परिवर्तनको सामाजिक तथा लैङ्गिक प्रभावको अध्ययन अनुसन्धान लैङ्गिक तथा सामाजिक समावेशीकरणका खण्डिकृत तथ्यांक एवं सूचनाहरू संकलन एवं विश्लेषण गर्ने ।

३) स्थानीय तहमा जलवायु अनुकूलन योजना तर्जुमा र कार्यान्वयन प्रकृयामा लैङ्गिक समानता तथा सामाजिक समावेशिता मूलप्रवाहीकरणलाई संस्थागत गर्ने ।

४) जलवायु परिवर्तन तथा विपद् उत्थानशील क्षमता विकास गर्न आवश्यक लैङ्गिकमैत्री प्रविधिको विकास र प्रसार गरी प्रविधिमा बञ्चितिमा परेका समूहहरूको पहुँच अभिवृद्धि गर्ने ।

५) विभिन्न जाति, वर्ग, क्षेत्र र लिङ्ग बीच रहेको संकटासन्नता र अनुकूलन क्षमताको भिन्नता कम गर्ने

६) जलवायु परिवर्तनको क्षेत्रमा सम्पादित कार्यहरूको नियमित रूपमा लैङ्गिक तथा सामाजिक समावेशिताका सूचकहरूको आधारमा अनुगमन तथा मूल्यांकन गर्ने र लैङ्गिक परीक्षणलाई संस्थागत गर्ने ।

७) जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरणको क्षेत्रमा लैङ्गिक समावेशीकरणको दृष्टिकोणले गरिएका अन्तर्राष्ट्रिय प्रतिवद्धताहरूलाई प्रभावकारी कार्यान्वयनका लागि त्यस्ता प्रतिवद्धताहरूको बारेमा सरोकारवालाहरूलाई अभिमूखीकरण गर्ने र स्थानीय तहका नीति कानुन, योजना, कार्यक्रम तथा बजेटमा मूलप्रवाहीकरणलाई संस्थागत गर्ने ।

**३. विधि तथा प्रकृयाहरू**

यस रणनीति तथा कार्ययोजना तर्जुमा गर्नुपूर्व यसको अवधारणागत पक्ष तथा नीतिगत व्यवस्थाका विषयमा प्रष्ट हुनकोलागि तिनिहरुसंग सम्बन्धित प्रकासित दस्तावेजहरुको समिक्षा गर्नुपर्ने छ र उक्त समिक्षा बाट प्राप्त अनुभवलाई रणनीति तथा कार्ययोजना तर्जुमा गर्दा उपयोग गर्नुपर्ने छ । ।यस कममा

प्रमुख प्र... अधिकृत

यशोधरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बैदौली, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

जलवायु परिवर्तन सम्बन्धी लैङ्गिक तथा सामाजिक समावेशीकरणमा विगत देखि वर्तमानसम्म कृयाशिल भएका ऐन, नियम, नीति कार्यविधि र निर्देशिकाहरुको समिक्षा गर्नुपर्ने छ ।

रणनीति तथा कार्ययोजनाको लागि चाहिने तथ्याङ्क प्राथमिक तथा द्वितीय श्रोतबाट सङ्कलन गर्नुपर्ने छ । सहभागितामूलक छलफल, नक्साङ्कन तथा जानकार व्यक्ति अन्तर्वार्ता आदि विधिको उपयोग गरि प्राथमिक तथ्याङ्क सङ्कलन गर्नुपर्ने छ । प्रत्येक वार्डहरुमा गई सहभागितामूलक छलफलको माध्यमले प्राथमिक तथ्याङ्क सङ्कलन गर्नुपर्ने छ । द्वितीय श्रोतबाट तथ्याङ्क सङ्कलनका लागि संस्थागत सर्भेक्षण तथा दस्तावेज अध्ययन जस्ता विधिको अवलम्बन गर्नुपर्ने छ । विपद् तथा जलवायु जोखिमसँग सम्बन्धित विषयहरू तथा लैङ्गिक तथा सामाजिक रूपले खण्डीकृत तथ्याङ्क समेत सङ्कलन गर्नुपर्ने छ । गुणात्मक तथ्याङ्कलाई विवरणात्मक तथा तार्किक रूपमा र परिमाणात्मक तथ्याङ्कलाई गणितीय तथा तथ्याङ्कशास्त्रीय विधिको उपयोग गरी विश्लेषण सहित प्रस्तुत गर्नुपर्ने छ ।

### १.४ कार्य संचालन तथा प्रतिवेदन

यो क्रियाकलाप सम्पन्न गर्नका लागि यसोधरा गाउँपालिकामा बजेट बिनियोजन गरिएको छ । सोही बजेटको सीमामा रहेर प्रस्ताव पेश गर्ने परामर्शदाताको प्रस्तावना छनौट गरिनेछ । साथै परामर्शकर्ताले निम्नानुसारको कार्य सम्पन्न गरी तोकिएको मिति भित्र गाउँपालिका/नगरपालिकामाबुझाउनु पर्नेछ ।

| प्रतिवेदन | समावेश गर्नु पर्ने विवरण, तथ्यांक र कागजातहरू | समय सीमा |
|---|---|---|
| १. प्रारम्भिक प्रतिवेदन | यसोधरा गाउँपालिकासंग समन्वय गरी जलवायु परिवर्तन सम्बन्धी लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति तथा कार्ययोजना तर्जुमाका लागि गरिने छलफल सम्बन्धी मिति कार्यतालिका, विज्ञ टोली परिचालनको विवरण, तथ्याङ्क संकलनका लागि प्रयोग गरिने फारम आदिको विवरण | तोकिएको कार्यथालनी गर्ने मितिले ७ दिन भित्र |
| २. मस्यौदा प्रतिबेदन पेश | जलवायु परिवर्तन सम्बन्धी लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति तथा कार्ययोजना सम्बन्धी सम्बन्धी मस्यौदालाई गाउँपालिका समक्ष गरी आवश्यक सल्लाह सुझाव लिने | तोकिएको कार्यथालनी गर्ने मितिले ३० दिन |
| ३. अन्तिम प्रतिवेदन गाउँपालिकामा पेश गर्ने | मस्यौदा प्रतिवेदन माथि दिएको पृष्ठपोषण र सुझाव समावेश गरी अन्तिम प्रतिवेदन पालिकामा स्विकृतिकोलागी पेस गर्ने | तोकिएको कार्यथालनी गर्ने मितिले ४५ दिन |

### १.५ अपेक्षित उपलब्धी:

यस कार्यको अपेक्षित उपलब्धीको रुपमा तलका कुराहरू प्राप्त हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

यसोधरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वैदौली,कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

(क) यसोधरा गाउँपालिकाजनं प्रतिनिधिहरू, कर्मचारीहरू सबैले जलवायु परिवर्तन सम्बन्धी लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति तथा कार्ययोजना सम्बन्धी छलफलबाट सम्बन्धित विषयमा पर्याप्त जानकारी हासिल गरेका हुने छन् ।

(ख) सहभागितामुलक विधिद्वारा सूचना र तथ्यांकमा आधारित जलवायु परिवर्तन सम्बन्धी लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति तथा कार्ययोजना तयार भएको हुनेछ ।

(ग) जलवायु परिवर्तन सम्बन्धी लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति तथा कार्ययोजनाको मध्यमले गाउँपालिकाको नयाँ सम्भावनाहरूको पहिचान सहित गाउँपालिकाले गर्नुपर्ने सुधार रणनीति सहितको योजना तयार भई कार्यान्वयनमा आउने छ ।

## १.६ प्रतिवेदनको भाषा

तयार गरिने दस्ताबेज को भाषा नेपालीमा हुनेछ ।

## १.७ संलग्न जनशक्तिको न्यूनतम योग्यता

परामर्श सेवा प्रदान गर्ने आवेदक सेवा प्रदायकले निम्नानुसारको विज्ञ टोलीको व्यवस्था एवं परिचालन गर्नु पर्नेछ ।

(क) टोलीप्रमुख/ जलवायु बिज्ञ (१ जना) : मान्यता प्राप्त विश्वविद्यालयबाट भूगोल वा अन्य सम्बन्धित विषयमा कम्तिमा स्नातकोत्तर तह उत्तीर्णभई वा सो भन्दा माथिल्लो उपाधि हासिल गरेको, जलवायु परिवर्तन तथा लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी अध्ययन तथा अनुसन्धान जस्ता कार्यमा कम्तिमा ५ वर्षको कार्य अनुभव भएको । साथै टोली परिचालन, नेतृत्व र समन्वय गर्न सक्ने सीप भएको ।

(ख) टोली सदस्य जनसंख्याविद (१ जना) : मान्यता प्राप्त विश्वविद्यालयबाट जनसंख्या विषयमा कम्तिमा स्नातकोत्तर तह उत्तीर्ण भई जलवायु परिवर्तन तथा लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी अनुसन्धान, प्रतिबेदन लेखन जस्ता कार्यमा कम्तिमा ५ वर्षको कार्य अनुभव भएको । साथै, स्थानीय तहमा सहजीकरण, अभिमुखिकरण तथा सहभागितामूलक रुपमा छलफल संचालन गर्न सक्ने ज्ञान तथा सीप भएको ।

(ग) समाजशास्त्री : मान्यता प्राप्त विश्वविद्यालयबाट समाजशास्त्र विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरी जलवायु परिवर्तन तथा लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी अनुसन्धान, प्रतिबेदन लेखन जस्ता कार्यमा कम्तिमा ५ वर्षको कार्य अनुभव भएको । साथै, स्थानीय तहमा सहजीकरण, अभिमुखिकरण तथा सहभागितामूलक रुपमा छलफल संचालन गर्न सक्ने ज्ञान तथा सीप भएको ।

प्रमुख प्रशासकीय अधिकृत

मायादेवी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बेदौली, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

(घ) तथ्यांक संकलक/फिल्ड सहायक (१ जना): मान्यता प्राप्त विश्वविद्यालयबाट प्रविणता प्रमाण पत्र तह वा (१०+२) उत्तीर्ण वा सो सरह शैक्षिक योग्यता भएको ।

**१.८ अनुमानित खर्च तथा भुक्तानी प्रक्रिया:**

- विस्तृत भू-उपयोग योजना तर्जुमा बापतका भुक्तानी प्रक्रिया परामर्शदाता र गाउँपालिका/नगरपालिका बिच भएको सम्झौता बमोजिम हुने छ । भुक्तानी प्रक्रिया-सम्झौतामा उल्लेखित रकमको भुक्तानी गर्दा निम्न अनुसारको क्रियाकलाप सम्पन्न पश्चात किस्तामा रकम भुक्तानी गरिने छ :

(क) परामर्शदाताले आर्थिक प्रस्तावमा तोकिए अनुसारको शीर्षकमा रकम प्रस्ताव गर्न सक्ने छन् । यस बजेटले परामर्शदाताले प्रयोग गर्नु पर्ने जनशक्तिको तलब, भत्ता, आवास खर्च, यातायात, तथ्यांक संकलन खर्च, कार्यशाला संचालन खर्च, प्रशासनिक खर्च लगायतका सम्पूर्ण खर्च समेट्ने छ ।

(ख) परामर्शदाताले प्रस्ताव गरेको रकममा नेपाल सरकारको नियमानुसार लाग्ने मूल्य अभिवृद्धि कर तथा अन्य कर समेत समावेश गरिएको छ । प्रचलित कानुन मुताबिक र सम्झौतामा उल्लेख भए बमोजिम ३ किस्तामा रकम भुक्तानी गर्न सकिनेछ ।

(ग) पहिलो किस्ता वापत कुल सम्झौता रकमको २५% (प्रतिशत) रकम परामर्शदाताले सम्झौतामा हस्ताक्षर गरेर कार्यक्षेत्रगत शर्त बमोजिमको नियमानुसार प्रारम्भिक प्रतिवेदन सहित तोकिए बमोजिम कार्यसम्पादनको आधारमा कार्य प्रगति प्रतिवेदन पेश गरे पछि प्राप्त गर्न सक्नेछ ।

(घ) दोस्रो किस्ता वापत कुल सम्झौता रकमको बढीमा ५०% (प्रतिशत) रकम परामर्शदाताले अन्तिम प्रतिवेदन पेश गरेर सम्पूर्ण कार्य सम्पन्न गरी अन्तिम प्रीतवेदन पेश गरे पश्चात् दिन सकिनेछ ।

(ङ) तेस्रो तथा अन्तिम किस्ता वापत कुल सम्झौता बमोजिमको भुक्तानी हुन बाँकी २५% (प्रतिशत) रकम परामर्शदाताले अन्तिम प्रतिवेदन पेश गरि कार्यपालिकाको निर्णयसहित स्थानीय भूउपयोग परिषद्मा पेस भएको भूमि र भूमि स्रोतको वर्गीकरण तथा विस्तृत भूउपयोग योजना को परिषद्ले स्वीकृत गरेपछि दिईनेछ ।

(च) कार्यक्रम कार्यान्वयन तथा सम्पादन गर्दा नेपाल सरकारको नियमानुसार लाग्ने कर तिर्ने दायित्व सम्बन्धित परामर्शदाताको हुनेछ ।

(छ) परामर्शदातालाई सम्झौता बमोजिमको रकम भुक्तानी गर्दा बैंक मार्फत गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत